नेपाल गजेट

भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन १६ गते २०१३ साल

एकाउन्टेन्ट जनरल अफिसको सूचना

५६०।२।१०७ ६।६।२०१३

अड्डा अड्डाहरूबाट खर्चको फाँट बुझाउने गरी भरपाई भै गएका रुपैयाँको फांट र बाँकी रुपैयाँ दाखिल गर्ने म्याद र ठाउँको हकमा ऐन मुलुकी सवालमा केही नखुलेको भए तापनि जिम्मावारी जानेसम्म बही बुझ्नेका ८. नं. का ऐनबमोजिम काम तामेल भएका ३१ दिनभित्र बाँकी रुपैयाँ समेतको फाँटवारी, काम गर्नेले रुपैयाँ दिने अड्डामा दाखिल गर्नु पर्दछ। नगरेमा सोही ऐन का. ६ नं. बमोजिम गर्ने गर्नू भन्नेसमेत मन्त्रिमण्डलबाट निर्णय भै आएकोले सोबमोजिम गर्ने गराउनलाई सबै अड्डाखानालाई समेत थाहा होस् भन्नानिमित्त यो सूचना प्रकाश गरिएको छ। सोबमोजिम गनु गराउनु होला।

आज्ञाले:—
नीरराज,
सेक्रेटरी— अर्थ मन्त्रालय

(४७)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिक्तमुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।